लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ४ अङ्क १६ २०७७ पौष (Year 4 Issue 16 Jan 2021)

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई) को ५५औँ गभर्निङ्ग बोर्ड बैठकमा सहभागिता



एसोसाई गभर्निङ्ग बोर्डको भर्चुअल बैठकमा सहभागी हुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र कार्यालयका कर्मचारी

१२ श्रावण, २०७७

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई) गभर्निङ्ग बोर्डको ५५औँ बैठकमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र कार्यालयका अन्य कर्मचारीले सहभागिता जनाउनुभएको छ। गभर्निङ्ग बोर्डको बैठक भर्चुअल माध्यमबाट सञ्चालन गरिएको थियो। बैठकमा गभर्निङ्ग बोर्डका १२ सदस्य राष्ट्र, लेखापरीक्षण समितिका २ सदस्य राष्ट्र र इन्टोसाइ डेभलपमेन्ट इनिसिएटिभ (IDI) का प्रतिनिधिको समेत सहभागिता रहेको थियो। बैठकमा विभिन्न २४ एजेन्डामा छलफल भई प्रतिवेदन पारित भएको थियो। नियमित एजेन्डाका अतिरिक्त गर्भनिङ्ग बोर्डका गतिविधि, वित्तीय व्यवस्थापन र क्षमता विकास सम्बन्धमा विभिन्न कार्यसमूहमा प्रतिनिधित्व गर्ने सर्वोच्च लेखापरीक्षण संस्थाले तयार गरेको प्रतिवेदन उपर विस्तृत छलफल भएको थियो।

बैठकमा रणनीतिक योजना कार्यदलको कार्यक्षेत्रगत शर्त (ToR), एसोसाई जर्नलको वेवसाइटको सुधार, नयाँ बाँकी पृष्ठ १० मा

यसभित्र.....

क्र.सं.	विषय	पृष्ठ संख्या
१	एसोसाईको ५५औँ गभर्निङ्ग बोर्ड बैठकमा सहभागिता	१
२	नेपाल सरकारी लेखापरीक्षणमान जारी	३
३	ASOSAI WGEA को सातौ कार्यसमूहको बैठकमा सहभागिता	३
४	महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७७ स्वीकृत	४
५	सार्वजनिक संस्थानका लेखापरीक्षकलाई निर्देशन	६
६	लेखापरीक्षण मार्गदर्शन मस्यौदा उपर छलफल	८
७	लेखापरीक्षण सम्बन्धी प्रदेशगत भर्चुअल छलफल तथा अन्तर्क्रिया	११
८	लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल तथा अन्तर्क्रिया	१२
९	महालेखा नियन्त्रकद्वारा एकीकृत वित्तीय विवरण पेश	१५

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री बाबुराम गौतम

सम्पादक मण्डल
संयोजक
नायव महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सदस्य
निर्देशक
श्री नेत्र प्रसाद पौडेल

लेखापरीक्षण अधिकारी
श्री सन्तोष सापकोटा

लेखापरीक्षण अधिकारी
श्री मुकुन्द घिमिरे

सहायक कम्प्यूटर अपरेटर
श्री माधव अधिकारी

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौँ ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७७ अनुसार लेखापरीक्षण कार्य सम्पन्न गरी वार्षिक प्रतिवेदन तयार गर्न कार्यतालिका बमोजिम कार्य प्रारम्भ भइसकेको छ । लेखापरीक्षण कार्यमा खटिनु हुने सबै टोली प्रमुखलाई माननीय महालेखापरीक्षकज्यूबाट निर्देशन समेत भइसकेको छ । कोरोना भाइरस महामारीको विद्यमान प्रतिकूल परिस्थितिमा समेत लेखापरीक्षण कार्य सुचारु रुपले सञ्चालन गर्नु आफैँमा चुनौतिपूर्ण छ ।

यस वर्ष ३ हजार ७७ संघीय मन्त्रालय तथा निकाय, १ हजार १ सय प्रदेश मन्त्रालय तथा निकाय, ७७ जिल्ला समन्वय समिति, ७ सय ५३ स्थानीय तह र ५ सय ४९ समिति र अन्य सस्था गरी जम्मा ५ हजार ६ सय ५६ निकायको वित्तीय तथा परिपालनाको लेखापरीक्षण हुनेछ । साथै, विभिन्न ३३ विषयको कार्यमूलक १ विषयको वातावरणीय, २ विषयको सूचना प्रविधि र २ विषयको विशेष लेखापरीक्षण तथा ३९ संगठित संस्थाको लेखापरीक्षण गरिने कार्यक्रम रहेको छ ।

संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । त्यस्तै सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ । त्यसैगरी प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी सुझाव प्रदान गर्नु परिपालना लेखापरीक्षणको उद्देश्य रहेको छ ।

बाँकी पृष्ठ ७ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



लेखापरीक्षणका सबै चरणका कार्य विद्युतीय माध्यमबाट अभिलेख गर्न सकिने व्यवस्थालाई मूर्तरुप दिनका लागि केन्द्रीय प्रणालीका रुपमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System-NAMS) तयारी चरणमा रहेको छ। यसबाट महालेखापरीक्षकको सूचना प्रविधि रणनीतिक योजना (२०१६-२०२०) र महालेखापरीक्षकको ६ वर्षे कार्य योजनाले निर्दिष्ट गरे बमोजिम नवीन प्रविधियुक्त लेखापरीक्षणको विकास हुनेछ ।

महालेखापरीक्षकको कार्यालयले प्रविधिको प्रयोगमा महत्व दिएको कारण IT Strategic Plan, IT Audit Manual तर्जुमा, सूचना प्रविधि निर्देशनालयको स्थापना, ASOSAI, INTOSAI, Development Initiative (IDI) लगायतका संस्थासँग सहकार्य र जनशक्ति विकासका कार्यक्रममा सहभागिता जनाउँदै आएको छ। यसबाट लेखापरीक्षणमा जोखिम पहिचानदेखि लेखापरीक्षणको प्रभाव मूल्याङ्कनसम्मको पक्षलाई उजागर गर्न सघाउ पुग्नेछ। लेखापरीक्षणलाई प्रविधिमैत्री बनाउँदै सरोकारवालाई सहज रुपमा प्रतिवेदन प्राप्ति र औल्याईएका व्यहोराउपर सरोकारवालाबाट पेपरलेस र फेसलेसको माध्यमबाट कार्य सम्पादन गर्न सकिनेछ ।

आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणमा यसै पटक देखि विद्युतीय प्रणालीमा आधारित लेखापरीक्षण हुने गरी कार्य थालनी भएको छ। यस प्रणालीको कार्यान्वयनपछि लेखापरीक्षणमा जोखिम पहिचान, लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन र सरोकारवालासँगको सञ्चारमा प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा लिएको छु।

लेखापरीक्षण कार्यलाई व्यवस्थित बनाई अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अनुसरण गर्दै जोखिममा आधारित सूचकको आधारमा निकायहरुको वर्गीकरण गरी बढी जोखिमयुक्त निकायहरुको लेखापरीक्षणमा ध्यान केन्द्रित गरी विस्तृत विधिबाट परीक्षण गरिने तथा न्यून र मध्यम जोखिमयुक्त निकायहरुलाई यथासम्भव विद्युतीय सूचना प्रविधिको तथ्याङ्कको आधारमा विश्लेषण गरी दूर लेखापरीक्षण विधिबाट परीक्षण गर्ने नीति अवलम्बन गरिएको छ ।

बाँकी पृष्ठ ७ मा

नेपाल सरकारी लेखापरीक्षणमान जारी

१६ श्रावण, २०७७

लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी "नेपाल सरकारी लेखापरीक्षण मान" (Nepal Government Auditing Standards, NGAS) माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई २०७७/०४/०१ देखि कार्यान्वयनमा आएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनले जारी गरेका अन्तराष्ट्रिय लेखापरीक्षणमान (INTOSAI Framework for Professional Pronouncements, IFPP)मा आधारित रही लेखापरीक्षण ऐन, २०७५ को दफा २९ बमोजिम सो मानदण्ड जारी भएको हो। नयाँ जारी भएका नेपाल सरकारी लेखापरीक्षणमान The Lima Declaration,Mexico Declaration on SAI Independence, The value and Benefits of Supreme Audit Institutions-Making a difference in the life of citizen,Principles of Transparency and Accountability,Fundamental Principles of Public Sector Auditing, Code of Ethics, Quality control for SAIs, Financial Audit Principles, Performance Audit Principles, Compliance Audit Principles, Financial Audit Standards, Performance Audit Standards र Compliance Audit Standards रहेका छन्।

ASOSAI WGEA को सातौँ कार्यसमूहको बैठकमा सहभागिता

२२ भाद्र, २०७७

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (एसोसाई) अन्तर्गत Working Group on Environmental Audit (WGEA) को सातौँ बैठक भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। कार्यक्रममा कार्यालयका तर्फबाट नायव महालेखापरीक्षकहरु श्री घनश्याम पराजुली, श्री चन्द्रकान्त भण्डारी र निर्देशक श्री सत्यनारायण थापाको सहभागिता रहेको थियो। बैठकमा एसिया महादेशका १७ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका ६० प्रतिनिधिको सहभागिता रहेको थियो। कार्यक्रममा समूहको पछिल्लो बैठकपछिका कार्यप्रगतिको समीक्षा गरिएको थियो। साथै, सन् २०२०-२०२२ कार्ययोजना माथि छलफल गरी अनुमोदन गरिएको थियो। कार्यक्रममा चीन, थाइल्याण्ड र भियतनामका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिले वातावरणीय लेखापरीक्षण सम्बन्धमा प्रस्तुतीकरण गरेका थिए।



ASOSAI WGEA सातौँ कार्यसमूह बैठकमा भर्चुअल माध्यमद्वारा सहभागी विभिन्न देशका प्रतिनिधि

बैठकमा संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यसँग सम्बन्धित मुख्य विषयहरुको लेखापरीक्षण लगायत Green Vision Award, Second Co-operative Audit and Cooperative Research Project, Themed Training on Environmental Audit लगायतका विषयमा सहभागीबीच विचार तथा अनुभव आदानप्रदान गरिएको थियो। कार्यक्रममा ASOSAI WGEA को आठौँ सेमिनारको आयोजना सम्बन्धमा समेत छलफल गरिएको थियो। कार्यसमूहको अध्यक्षको हैसियतले National Audit Office of the People Republic of China ले कार्यक्रमको संयोजन गरेको थियो।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७७ स्वीकृत

२२ भाद्र, २०७७

संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानूनद्वारा तोकिएका अन्य कार्यालय तथा संस्थाको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षणको लागि माननीय महालेखापरीक्षकज्यूबाट वार्षिक लेखापरीक्षण योजना, २०७७ स्वीकृत भएको छ। योजना अनुसार आर्थिक बर्ष २०७६/७७ को लेखापरीक्षण सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा गरिएका प्रमुख व्यवस्था देहाय बमोजिम छनः-

१. वित्तीय र परिपालना लेखापरीक्षण

नेपाल सरकारी लेखापरीक्षणमानले दिएका विकल्प बमोजिम यस बर्ष वित्तीय र परिपालनाको लेखापरीक्षण सँगसँगै गरिनेछ। दुवै प्रकारका लेखापरीक्षणबाट देखिएका व्यहोरा समावेश गरी एउटै प्रतिवेदन तयार गरिनेछ। यस वर्ष ३ हजार १ सय ५४ संघीय सरकारी कार्यालय,१ हजार १ सय प्रादेशिक कार्यालय, ५ सय ४९ समितिहरु र ७ सय ५३ स्थानीय तह समेत ५ हजार ५ सय ५६ निकायहरुको वित्तिय एवं परिपालनाको लेखापरीक्षण गरिनेछ। उक्त कार्यालयहरुलाई उच्च, मध्यम र न्यून जोखिम गरी ३ वर्गमा विभाजित गरिएको छ। जसमध्ये करीब १ हजार ७ सय इकाइहरु न्यून जोखिम र १ हजार ७ सय इकाई मध्यम जोखिममा रहेको छ। न्यून जोखिम अन्तर्गत रहेका कार्यालयको दूर लेखापरीक्षण विधिबाट सूचना प्रविधिको उपयोगका माध्यमबाट, मध्यम जोखिमका कार्यालयहरुको आवश्यक्तानुसार र उच्च जोखिममा रहेका कार्यालयहरुको स्थलगतरुमा नै लेखापरीक्षण गरिने नीति अवलम्बन गरिएको छ।

२. कार्यमूलक लेखापरीक्षण

सार्वजनिक श्रोत साधनको व्यवस्थापन तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता मूल्याङ्कन गर्ने तथा सार्वजनिक निकायमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीको सञ्चालन र उपयोग व्यवस्थाको परीक्षणका अलावा वातावरणीय पक्षको मूल्याङ्कन गर्न सन्दर्भमा कार्यमूलक लेखापरीक्षण गरिनेछ।

सरकारको लगानी, प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासोको विषय, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारले देखाएको चासोलाई महत्व दिई उपलब्ध श्रोत साधन समेतलाई दृष्टिगत गरी प्राथमिकताका आधारमा कार्यमूलक लेखापरीक्षण गरिनेछ। कार्यमूलक लेखापरीक्षण निर्देशनालय र अन्य निर्देशनालयबाट निम्नानुसारका विषय तथा क्षेत्रमा कार्यमूलक लेखापरीक्षण गरिनेछ :

(क) कार्यमूलक तथा विशेष लेखापरीक्षण निर्देशनालयबाट लेखापरीक्षण गरिने विषय :

क्र.स.	विषय	मन्त्रालय	सम्बन्धित कार्यालय/निकाय
१	कृषि मल व्यवस्थापन (अनुदान, खरिद, वितरण र उपयोग)	कृषि तथा पशुपन्छी विकास	अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि समाग्री कम्पनी लिमिटेड, कृषि सहकारी संस्थाहरु
२	प्रधानमन्त्री रोजगार कार्यक्रम	श्रम तथा रोजगार मन्त्रालय	श्रम तथा रोजगार मन्त्रालय तथा छनौटमा परेका स्थानीय तह
३	काठमाडौं उपत्यकाभित्रका स्थानीय तहको सेवा प्रवाह		काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिका, भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका र ललितपुर जिल्लाको गोदावरी नगरपालिका
४	काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन	भौतिक पूर्वाधार तथा यातयात र गृह मन्त्रालय	महानगरीय ट्राफिक प्रहरी महाशाखा, यातायात व्यवस्था विभाग
५	विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	विश्वविद्यालय अनुदान आयोग

(ख) सम्बन्धित महानिर्देशनालयबाट कार्यमूलक लेखापरीक्षण गरिने विषय :

क्र.स.	महानिर्देशनालय/निर्देशनालय	विषय
१.	आन्तरिक राजस्व	सार्वजनिक खर्च व्यवस्थापन
२.	अर्थ भन्सार	सार्वजनिक ऋण व्यवस्थापन
३.	कृषि तथा पशुपन्छी	अनुदानको वितरण एवं उपयोग (प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना)
४.	शिक्षा, विज्ञान तथा प्रविधि र विश्वविद्यालय	व्यावसायिक तालिमको प्रभावकारिता
५.	युवा, खेलकुद, महिला बालबालिका तथा जेष्ठ नागरिक	जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा
६.	स्वास्थ्य तथा जनसंख्या	स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता
७.	उद्योग वाणिज्य श्रम तथा रोजगार	कम्पनी दर्ता अभिलेख तथा अनुगमन
८.	वन तथा वातावरण	सदर चिडियाखाना व्यवस्थापन
९.	सुरक्षा	सैनिक तथा प्रहरी अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा प्रवाह
१०.	परराष्ट्र	राहदानी छपाई तथा वितरण
११.	संवैधानिक तथा प्रशासनिक	नेपाल ट्रष्टको सम्पति व्यवस्थापन
१२.	संघीय मामला तथा सामान्य प्रशासन	प्रशासनिक पुनसंरचना र कर्मचारी समायोजन
१३.	सार्वजनिक संस्थान	पूर्ण स्वामित्वको संस्थान सञ्चालनको दक्षता र प्रभावकारिता
१४.	सार्वजनिक संस्थान	नियमनकारी सार्वजनिक संस्थानको प्रभावकारिता
१५.	भौतिक पूर्वाधार	भौतिक पूर्वाधार विकासमा प्राविधिक जनशक्ति परिचालन
१६.	उर्जा जलश्रोत पर्यटन	पुरातात्विक महत्वका दस्तावेज र कागजातहरुको अभिलेख र संरक्षण व्यवस्थापन
१७.	उर्जा जलश्रोत पर्यटन	आयोजना कार्यान्वयन दक्षता (भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना)
१८.	सञ्चार	नेपाल दूरसञ्चार प्राधिकरणबाट पूर्वाधार निर्माणको कार्य सञ्चालन दक्षता
१९.	शहरी विकास	सुरक्षित नागरिक आवास कार्यक्रम
२०.	गण्डकी प्रदेश	होमस्टे अनुदान वितरण र उपयोग
२१.	बागमती प्रदेश	सिँचाई आयोजनामा उपभोक्ता समिति परिचालन (जलश्रोत तथा सिँचाई विकास डिभिजनहरु)
२२.	प्रदेश नं.१	नदी नियन्त्रण कार्यक्रम
२३.	प्रदेश नं. २	कृषि अनुदानको उपयोग
२४.	लुम्बिनी प्रदेश	प्रदेश मन्त्रालयमा योजना तर्जूमा एवं कार्यान्वयन व्यवस्था
२५.	कर्णाली प्रदेश	पोषण तथा खाद्य सुरक्षा कार्यक्रम
२६.	सुदुरपश्चिम प्रदेश	प्रदेशस्थित वनको काठ दाउरा व्यवस्थापन

(३) सूचना प्रविधि लेखापरीक्षण :

कार्यालयहरुले प्रयोग गरेको सफट्वेयर तथा सूचना प्रविधिको नियन्त्रण वातावरण (Control Enviroment) तथा एप्लिकेसन पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले सूचना प्रविधि लेखापरीक्षण गर्ने गरिएको छ। यो वर्ष देहायका विषयमा सूचना प्रविधि लेखापरीक्षण गर्ने गरी विषय छनौट भएको छ।

क्र.स	विषय	मन्त्रालय	सम्बन्धित कार्यालय/निकाय
१.	Land Record Information Management System (LRIMS)	भूमि व्यवस्था तथा सहकारी	भूमि व्यवस्थापन तथा अभिलेख विभाग र भूमिसुधार तथा मालपोत कार्यालयहरु
२.	National Data Security System	सञ्चार तथा सूचना प्रविधि	Government Integrated Data Centre (GIDC)

(४) वातावरणीय लेखापरीक्षण :

वातावरणीय पक्षको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने उद्देश्यले वन तथा वातवारण मन्त्रालय अन्तर्गत चितवन र बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको 'राष्ट्रिय निकुञ्जहरुको व्यवस्थापन' सम्बन्धमा वातवारणीय लेखापरीक्षण गरिनेछ।

(५) विशेष लेखापरीक्षण :

यो वर्ष विशेष लेखापरीक्षण अन्तर्गत देहायका विषय छनौट गरिएको छ :-

- कोभिड-१९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च सम्बन्धमा विशेष लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन तयार गरिनेछ।
- दिगो विकास लक्ष्य प्राप्तिका सम्बन्धमा सञ्चालन गरिएका क्रियाकलापबाट अपेक्षित लक्ष्य प्राप्तिको सोको अनुगमन मूल्याङ्कन एवं तथ्याङ्क सङ्कलन व्यवस्थाको विशेष लेखापरीक्षण गरी प्रतिवेदन गरिनेछ।

(६) संगठित संस्थाको लेखापरीक्षण

यस वर्ष नेपाल वायुसेवा निगम र नेपाल दूरसञ्चार प्राधिकरणको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट हुने र अन्य संगठित संस्थाको लेखापरीक्षण गर्न पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरिने योजना रहेको छ।

सार्वजनिक संस्थानमा खटाइएका लेखापरीक्षकहरूलाई निर्देशन

६ आश्विन, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले सरकारको शेयर स्वामित्व रहेका संस्थानमा राज्यको ठूलो लगानी रहेको हुँदा अपेक्षित प्रतिफल प्राप्त गर्ने गरी काम हुनुपर्नेमा जोड दिनुभएको थियो। साथै, न्यून प्रतिफल, सम्पत्ति, शेयर र लगानीको अद्यावधिक हिसाब, सम्पत्ति व्यवस्थापन लगायतका विविध व्यहोरा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा विगतदेखि नै औंल्याउँदै आएकोमा स्थिति यथावत् रहेको बताउनुभयो।

संविधानमा उल्लेख भए बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको विश्लेषण गरी लेखापरीक्षण ऐन, २०७५ को दफा ८ ले निर्दिष्ट गरेका विषयवस्तु समेतलाई ध्यान दिई सार्वजनिक संस्थानको स्थापनाको उद्देश्य तथा लक्ष्य अनुसार कार्य भए नभएको सम्बन्धमा विश्लेषण गरी प्रतिवेदन पेश गर्न सम्बन्धित लेखापरीक्षकहरुलाई निर्देशन दिनुभएको थियो।

साथै, कार्यालयले दिएका मार्गदर्शन र लेखापरीक्षक आचारसंहिताको पूर्णरुपमा परिपालना गर्न तथा हालको कोभिड-१९ महामारीको विषम परिस्थितिलाई मध्यनजर राख्दै स्वास्थ्य सतर्कता अपनाई समयमा नै कार्य सम्पन्न गर्न निर्देशन दिनुभएको थियो।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री बाबुराम गौतमले लेखापरीक्षणको क्रममा आर्थिक कारोबारका साथै श्रोत र साधनको परिचालन, त्यसबाट प्राप्त उपलब्धि, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक खरिद विधिको पालना र सेवा प्रवाह जस्ता पक्षको मूल्याङ्कन गरी वित्तीय अनुशासन र जवाफदेहिता कायम गराउन लेखापरीक्षणको महत्वपूर्ण भूमिका हुने हुँदा गुणस्तरीय लेखापरीक्षणको लागि वित्तीय विवरणको अलावा समग्र पक्षको विश्लेषण गरी व्यहोरा औंल्याउनुपर्ने उल्लेख गर्नुहुँदै कार्यालयको तर्फबाट लेखापरीक्षण कार्यमा सहजीकरण र समन्वय गरिने जानकारी गराउनु भएको थियो।

पृष्ठ २ बाट

माननीय महालेखापरीक्षकज्यूको .....

विगत वर्षमा श्रावण र भाद्र महिनामा पहिलो चरणको स्थलगत लेखापरीक्षण शुरु गर्ने गरिएकोमा यस वर्ष कोभिड - १९ महामारीका कारण लेखापरीक्षण कार्यान्वयन प्रभावित भएको छ। सोही बमोजिम कोभिड-१९ को प्रभावलाई मध्यनजर गरी छानिएका जिल्ला र क्षेत्रमा स्वास्थ्य सतर्कता अपनाइ मंसिर १५ देखि पहिलो चरणको लेखापरीक्षण कार्य शुरुवात भई प्रथम चरणमा ३० जिल्लामा एकीकृत लेखापरीक्षण टोली र अन्यत्र शाखागत टोली परिचालन गरी लेखापरीक्षण अन्तिम चरणमा पुगेको छ। स्वास्थ्य मापदण्डको पालना, लेखापरीक्षण सहजीकरणको लागि फोकल पर्सनको व्यवस्था र अलग्गै लेखापरीक्षण कार्यकक्षको व्यवस्थापन लगायतका कार्यबाट लेखापरीक्षण कार्यमा सहजीकरण हुने अपेक्षा लिएको छु।

मंसीर महिनामा संघीय मन्त्रालय, संवैधानिक निकाय, आयोग, प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, लगायतका लेखा उत्तरदायी अधिकृत, लेखा प्रमुख लगायतका पदाधिकारीहरुसँग भर्चुअलरुपमा लेखापरीक्षण र जवाफदेहिता, पारदर्शिता र वित्तीय सुशासन कायम गर्ने सम्बन्धमा छलफल एवं अन्तर्क्रिया सम्पन्न भएको छ। यसबाट खर्च गर्ने पदाधिकारीहरुलाई लेखापरीक्षण गराउने जिम्मेवारी बोध भई उत्तरदायी बनाउने अपेक्षा गरेको छु।

स्थापित मूल्य र मान्यताका आधारमा सरकारी लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धिका लागि स्थलगतरुपमा लेखापरीक्षणमा खटिने कर्मचारीहरुलाई लेखापरीक्षण डोर सञ्चालन र व्यवस्थापन,गुणस्तर नियन्त्रण र सुपरिवेक्षण,पेशागत मर्यादा र व्यवहार, कार्यसम्पादनमा आधारित मूल्यांकन र लेखापरीक्षण प्रतिवेदन लगायतका विषयमा निर्देशन समेत दिइएको छ।

विगतको लेखापरीक्षणको आधारमा गुणस्तर पुनरावलोकन प्रतिवेदन अनुसार सोमा उल्लेखित सुधारका विषय समावेश गरी कर्मचारीलाई कार्यसम्पादन गर्न र लेखापरीक्षण गुणस्तर अभिवृद्धिमा ध्यान दिन निर्देशित गरिएको छ। लेखापरीक्षण सम्पन्न भएपश्चात् प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व प्रतिवेदनको गुणस्तर परीक्षणको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणका लागि खटिएका कर्मचारीको कार्य सम्पादन, पेशागत मर्यादा र उचित व्यवहारको पालनासम्बन्धमा कार्यालयबाट अनुगमनको व्यवस्था समेत मिलाइएको छ। अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा कार्यालयले तत्काल आवश्यक निर्देशन एवं व्यवस्थापन गर्ने गरेको छ।

वार्षिक लेखापरीक्षण योजना अनुसार २०७८ आषाढ मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गरिने कार्यतालिका रहेको छ । स्थानीय तहलाई उपलब्ध गराइएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रिया अनुसार फछ्यौंट भई बाँकी व्यहोराको सम्बन्धित स्थानीय तहसमक्ष अन्तिम प्रतिवेदन जारी गरिनेछ। सोको लागि संघ, प्रदेश र स्थानीयतह लगायत सबै सार्वजनिक संस्थानको लेखापरीक्षण २०७८ ज्येष्ठ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ। तसर्थ कार्यालयबाट खटिएका लेखापरीक्षकहरु र सार्वजनिक संस्थानहरुमा सहायककोरुपमा नियुक्त वा परामर्शमा नियुक्त भएका लेखापरीक्षकले समेत निश्चित कार्यतालिकाभित्र लेखापरीक्षण सम्पन्न गर्न आग्रह गर्दछु।

अन्त्यमा, महालेखापरीक्षकबाट स्वीकृत वार्षिक लेखापरीक्षण योजना र समय समयमा दिएका निर्देशन, व्यावसायिक निष्ठा र पेशागत इमान्दारिताको पालना गर्दै स्वीकृत कार्यतालिका अनुसार लेखापरीक्षण कार्य सम्पन्न गर्न सम्पूर्ण कर्मचारी र सरोकारवाला पक्षहरुबाट सहयोग प्राप्त हुने अपेक्षा लिएको छु।

पृष्ठ २ बाट

सम्पादकीय.....

लेखापरीक्षणको प्रक्रियामा मूलतः लेखापरीक्षण योजना तर्जूमा, योजना कार्यान्वयन प्रतिवेदन र अनुगमन जस्ता चरणहरु पर्दछन्। यी सबै चरणका कार्य गर्दा विश्वसनीय, प्रभावकारी र यथार्थपरक ढंगबाट कार्यसम्पादन हुनुपर्दछ। जसले लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्न सहयोग पुऱ्याउनुका साथै सरकारी वित्तीय प्रणालीलाई मजबुत बनाउन आवश्यक मार्गनिर्देश प्रदान गर्दछ। यसै सिलसिलामा माननीय महालेखापरीक्षकज्यूको समुपस्थितिमा संवैधानिक निकाय, संघीय सरकारका विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु, मातहतका विभागीय प्रमुखहरु, लेखा प्रमुख, प्रदेश सरकार लेखा उत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्ति, प्रदेश सभाका लेखा प्रमुखहरु र विभिन्न नियामक निकायका प्रमुखसँग भर्चुअल माध्यम मार्फत लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएका छन्। यस प्रकारका छलफल तथा अन्तर्क्रिया कार्यक्रम मार्फत लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित पदाधिकारीलाई थप जिम्मवार बनाउने र लेखापरीक्षण प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

सार्वजनिक संस्थानका पदाधिकारीहरूसँग छलफल

७ आश्विन, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाल सरकारको पूर्ण र आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानका प्रमुख, लेखा प्रमुख र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीबीच आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सञ्चालन र व्यवस्थापन सम्बन्धमा छलफल भयो।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले गत वर्ष कार्यालयबाट कुल लेखापरीक्षण रु. ६१ खर्ब २२ अर्ब मध्ये संगठित संस्थातर्फ रु. २३ खर्ब ५५ अर्ब र परामर्श प्रदान गरिएको रु. ९ खर्ब ५० अर्ब समेत सार्वजिनक सस्थानतर्फ रु. ३३ खर्ब ५ अर्बको लेखापरीक्षण भएको बताउनुभयो। उहाँले सरकारी कार्यालयको तुलनामा सार्वजनिक संस्थानतर्फको कारोवार बढी रहेका संस्थानहरुले प्रदान गर्ने सेवा प्रवाहमा सुधार गरी राष्ट्रिय ढुकुटीमा योगदान पुऱ्याउनु पर्नेमा ध्यानाकर्षण गराउनुभएको थियो।

महालेखापरीक्षकको विगतका प्रतिवेदनमा औँल्याइएका व्यहोराबारे चर्चा गर्दै उहाँले सञ्चालक र कर्मचारीमा व्यावसायिकताको कमी भएका कारण लगानीमा न्यून प्रतिफल रहेको, सम्पत्ति, सेयर तथा ऋण लगानीको हिसाव अद्यावधिक र यथार्थपरक नरहेको, समय र लागत विश्लेषण गरी वस्तु तथा सेवाको मूल्य निर्धारण नगरेको, सम्पत्ति व्यवस्थापनमा समस्या रहेको, अनुत्पादक खर्च नियन्त्रण नभएको, निजीकृत संस्थाहरु सम्झौता अनुरुप सञ्चालन हुन नसकेको जस्ता विषयमा सुधार गर्दै विवादरहित तरिकाले कार्य सम्पादन गर्नुपर्ने बताउनुभएको थियो।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीले कार्यतालिकाको पालना गरी लेखापरीक्षण कार्यमा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै अन्तर्क्रिया कार्यक्रम आयोजना गरेकोमा आभार व्यक्त गर्नु भएको थियो। कार्यक्रममा उपमहालेखापरीक्षक श्री बाबुराम गौतमले कोभिड-१९ महामारीको समयमा स्वास्थ्य सुरक्षालाई ध्यान दिई कार्यतालिका बमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्न गराउन सबैको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको थियो।

लेखापरीक्षण मार्गदर्शन मस्यौदा उपर छलफल

२३ आश्विन, २०७७

महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना अन्तर्गत नियुक्त परामर्शदाता Earnst & Young, LLP बाट पेश भएका लेखापरीक्षण मार्गदर्शनहरुको मस्यौदा माथि छलफल कार्यक्रम सम्पन्न भएको छ। मस्यौदालाई परिमार्जन र पृष्ठपोषण दिन आयोजित कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले कार्यालयले सञ्चालन गर्ने लेखापरीक्षण कार्यको गुणस्तर अभिवृद्धि र अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरुपको लेखापरीक्षण प्रतिवेदन तयार गर्न मार्गदर्शनहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको थियो। छलफलको क्रममा उहाँले मार्गदर्शनलाई सरलीकृत गरी प्राप्त सुझावलाई समेटेर अन्तिम रुप दिनुपर्ने बताउनुभयो। साथै, दूर लेखापरीक्षण गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को अपरिहार्यता भएको हुँदा समयमै काम सम्पन्न गर्न परामर्शदातालाई निर्देशन दिनुभयो।

कार्यालयको तर्फबाट उप-महालेखापरीक्षकहरु श्री बाबुराम गौतम, श्री इश्वर नेपाल, श्री रामु प्रसाद डोटेल र श्री राममाया कुँवर, नायव महालेखापरीक्षकहरु श्री बैकुण्ठ बहादुर अधिकारी, श्री चन्द्रकान्त भण्डारी, श्री अशोक कुमार कार्की, निर्देशकहरु श्री कमल प्रसाद सिलवाल, श्री सत्यनारायण थापा, श्री नीरप्रसाद सुवेदी, श्री शिवप्रसाद आचार्य लगायतले मार्गदर्शनको परिमार्जनका लागि सुझाव दिनुभएको थियो। कार्यक्रमको सहजीकरण नायव महालेखापरीक्षक श्री घनश्याम पराजुलीबाट र परामर्शदाताको तर्फबाट श्री भवनाथ दाहाल, श्री जगदीश भट्टराई, श्री सञ्जय कुमार गुप्ताले प्रस्तुतीकरण गर्नु भएको थियो।

तीन दिनसम्म चलेको उक्त कार्यक्रममा लेखापरीक्षण मार्गदर्शनहरुमा प्रयुक्त गरिएका लेखापरीक्षण विधि, पद्धति र अन्तर्राष्ट्रिय मानदण्डको सम्बन्धमा छलफल भएको थियो। लेखापरीक्षण मार्गदर्शनमा प्रयोग भएका विविध लेखापरीक्षण औजारलाई महालेखापरीक्षकको कार्यालयले सञ्चालन गर्ने लेखापरीक्षण कार्यमा प्रयोग गर्ने तरिका र अपनाउनु पर्ने सजगताका सम्बन्धमा सहभागीले धारणा प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा कार्यालयका पदाधिकारी र कर्मचारीको सहभागिता रहेको थियो।

सूचना प्रविधिसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

२८ आश्विन, २०७७

महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुको लागि सूचना प्रविधि सम्बन्धी तीन दिने अभिमुखीकरण कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भयो। उक्त कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएका सफ्टवेयर SuTRA, TSA, CGAS, RIMS and FIMS को परिचय, सञ्चालन, प्रतिवेदन व्यवस्था र विश्लेषण एवं लेखापरीक्षणमा प्रयोग सम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको थियो। कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले महालेखा नियन्त्रक कार्यालय सूचना प्रविधिको प्रयोगमा अन्य कार्यालयभन्दा अग्रणी रहेको बताउनुभयो।

उहाँले लेखापरीक्षणको क्रममा SuTRA, TSA, CGAS, RIMS and FIMS जस्ता सफ्टवेयरको तथ्याङ्कलाई आधारको रुपमा लिनुपर्ने भएको हुँदा सक्रियतापूर्वक सहभागिता जनाइ अनिवार्यरुपमा सूचना प्रविधिमा सबै कर्मचारी अभ्यस्त हुनुपर्ने र लेखापरीक्षणलाई आगामी दिनमा क्रमशः डिजिटलाइज गर्दै लगिने उल्लेख गर्नुभयो।

कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक श्री भेष प्रसाद भुर्तेल र श्री गोपी भण्डारी तथा लेखा अधिकृतहरु श्री प्रकाश गौतम, श्री कृष्णराज पौडेल र श्री सेवनाथ सुवेदीले प्रशिक्षण दिनुभएको थियो। तीन दिनसम्म सञ्चालित कार्यक्रममा कार्यालयका २ सय भन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो।

लेखापरीक्षण टोली प्रमुखहरूलाई अभिमुखीकरण



लेखापरीक्षण टोली प्रमुखहरुलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षकज्यू

२३ कार्त्तिक, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा कार्यालयबाट आ.व.२०७६/७७ को स्थलगत लेखापरीक्षण टोली प्रमुखको रुपमा खटिने लेखापरीक्षण अधिकारीलाई अभिमुखीकरण कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण सम्बन्धी दक्षता, सीप र क्षमता भएका लेखापरीक्षण अधिकारीलाई थप जिम्मेवार बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न तथा नेतृत्व क्षमता विकासको लागि यस वर्षदेखि डोर प्रमुखको रुपमा खटाउने व्यवस्था गरिएको उल्लेख गर्नुभयो।

कार्यालयले उच्च विश्वास गरी दिइएको जिम्मेवारी सफलतापूर्वक निभाउने अपेक्षा सहित नयाँ भूमिका र जिम्मेवारीको लागि तयार रहनुपर्ने, टोली प्रमुखको लागि आवश्यकीय गुणहरु विकास गर्दै सस्थाको गरिमालाई अभिवृद्धि गर्ने गरी कार्य गर्नुपर्ने बताउनुभयो।

उहाँले टोली व्यवस्थापन समुचित ढङ्गले गरी गुणस्तरीय लेखापरीक्षणका माध्यमबाट लेखापरीक्षण व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। हरेक कर्मचारीले व्यक्तिगत र व्यावसायिक जीवनमा सदाचारयुक्त जीवनशैलीलाई अवलम्बन गर्दै "Boiling Frog Syndrome" बाट टाढा नै रही कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो। पेशागत मर्यादा, निष्ठा र आचारसंहिताको पूर्ण परिपालना गर्नेतर्फ उहाँले सहभागीहरुको ध्यानाकर्षण गराउनुभयो।

उक्त कार्यक्रममा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले लेखापरीक्षण योजना कार्यान्वयन, वित्तीय परिपालना, कार्यमूलक र कोभिड-१९ विशेष लेखापरीक्षण सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा नायव महालेखापरीक्षकहरु श्री महेश्वर काफ्ले, श्री बिन्दु विष्ट, श्री त्रिलोचन आचार्य र श्री इन्द्र प्रसाद आचार्यले क्रमशः लेखापरीक्षकको व्यावसायिक आचारसहिंताको पालना, संघीय कार्यालयको पूँजीगत खर्चको लेखापरीक्षण, चालू खर्चको लेखापरीक्षण र प्रदेश सरकार तथा स्थानीय तहको लेखारीक्षणको जोखिमका मुख्य विषय सम्बन्धमा सहभागीलाई प्रशिक्षण दिनुभएको थियो।

महालेखापरीक्षक र नियामक निकायका पदाधिकारीहरूबीच छलफल



नियामक निकायका प्रमुखहरुसँगको छलफल कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

१० मंसिर, २०७७

लेखापरीक्षण ऐन, २०७५ को दफा २४(२) मा महालेखापरीक्षकले संविधान र सो ऐनको अधीनमा रही लेखापरीक्षण सम्बन्धी व्यवस्थाका सम्बन्धमा निर्देशन दिन सक्ने व्यवस्था अनुसार माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले विभिन्न नियामक निकायका प्रमुखसँग भर्चुअल माध्यमबाट छलफल गरी लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा निर्देशन दिनु भयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, सहकारी विभाग, लेखापरीक्षणमान बोर्ड, नेपाल लेखामान बोर्ड, बीमा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत ९ निकायका प्रमुख तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नियमनकारी निकायको मुख्य कार्य मातहत निकायले नियम कानून र पद्धति नियमितरुपमा पालना गरे नगरेको सम्बन्धमा सजग गराउने, संस्थाको प्रभावकारिता अभिवृद्धि गर्ने तथा राज्यप्रति नागरिक विश्वास र भरोसा बढाउने भएको बताउनुभयो । उहाँले नियमनकारी निकाय स्वयंको वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन हुने गरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनको पालना, नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयन गर्न तथा नियमनकारी निकायवीच निरन्तर समन्वय, सुधार र सहयोग हुन निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीले नियमनकारी निकायबीचका यस प्रकारका अन्तर्क्रिया कार्यक्रम उपयोगी हुने बताउनुहुँदै कोभिड-१९ संक्रमणको वर्तमान परिप्रेक्ष्यमा समग्र वित्तीय अवस्थाको बारेमा सहभागीहरुलाई जानकारी गराउनुभयो । उहाँले नेपाल राष्ट्र बैंकले विद्यमान परिस्थितिलाई सहज हुने गरी मौद्रिक नीति जारी गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डे, लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखामान बोर्डका अध्यक्ष श्री महेश खनाल, बीमा समितिका अध्यक्ष श्री चिरञ्जिवी चापागाईं, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) का अध्यक्ष श्री मदन शर्मा, सह महालेखा नियन्त्रक श्री भगिरथ पाण्डे र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष श्री पुरुषोत्तम खनालले आफ्नो निकायसँग सम्बन्धित विषयवस्तु तथा कोभिड-१९ सक्रमणको अवस्थामा भए गरेका क्रियाकलापबारे प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यालयको तर्फबाट उपमहालेखापरीक्षक श्री बाबुराम गौतम र श्री रामु प्रसाद डोटेल, नायव महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी र निर्देशक (विशेषज्ञ) श्री कमल प्रसाद सिलवालले नियमनकारी निकायसँग सम्बन्धित विषयवस्तुमा आफ्ना भनाइ राख्नुभएको थियो ।

एसियाली सर्वोच्च लेखापरीक्षण.....

सहकारितामूलक वातावरणीय लेखापरीक्षणको इनिसिएटिभ, दिगो विकास लक्ष्यको लेखापरीक्षण सम्बन्धमा एसोसाई कार्य समूह गठनको संभाव्यता अध्ययन सम्बन्धमा समेत छलफल भएको थियो । साथै, एसोसाई र यसका सदस्यहरुले हालको कोभिड-१९ को महामारीको सम्बन्धमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुले लेखापरीक्षण कार्यका माध्यमबाट गर्न सकिने कार्य सम्बन्धमा अन्तर्क्रिया गरिएको थियो ।



एसोसाई गभर्निङ्ग बोर्डको भर्चुअल बैठकमा सहभागी हुँदै विभिन्न देशका प्रतिनिधि

लेखापरीक्षण सम्बन्धी प्रदेशगत भर्चुअल अन्तर्क्रिया

१२ मंसिर, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा प्रदेश नं. १, २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका लेखा उत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिसँग आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छुट्टाछुट्टै अन्तक्रिया तथा छलफल कार्यक्रम भर्चुअल माध्यमबाट विभिन्न मितिमा सम्पन्न भएको छ। उक्त कार्यक्रमहरूमा प्रदेश प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिव, प्रदेश संसद सचिवालयका सचिव, प्रदेश लेखा नियन्त्रक र लेखा प्रमुखको सहभागिता रहेको थियो।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण कार्यलाई व्यवस्थित बनाई अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अनुशरण गर्दै जोखिममा आधारित सूचकको आधारमा निकायहरुको वर्गीकरण गरी बढी जोखिमयुक्त निकायहरुको लेखापरीक्षणमा ध्यान केन्द्रित गरी विस्तृत विधिबाट परीक्षण गरिने तथा न्यून र मध्यम जोखिमयुक्त निकायहरुलाई यथासम्भव विद्युतीय सूचना प्रविधिको तथ्याङ्कको आधारमा विश्लेषण गरी दूर लेखापरीक्षण विधिबाट परीक्षण गर्ने नीति अवलम्बन गरेको बताउनुभयो।

विगतमा कतिपय प्रादेशिक कार्यालयले समयमा नै वित्तीय विवरण तयार नगरेको र केही स्थानीय तहले लेखापरीक्षण समेत नगराएको अवस्था रहेकोले यस्ता प्रवृत्ति नदोहोऱ्याउन निर्देशन दिनुहुँदै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था अनुरुप लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीले कार्य सम्पादन गरी आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने उहाँले बताउनुभयो। प्रादेशिक शासकीय इकाईले स्थानीय तहहरुसँग समन्वयकारी र सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। कोभिड- १९ को महामारीको सन्दर्भमा कार्यालयबाट लेखापरीक्षणमा खटिने टोलीहरुलाई आवश्यक स्वास्थ्य मापदण्डको पालना गरी लेखापरीक्षण कार्य सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराउन निर्देशन दिनुभयो।

यस वर्ष उल्लेखित प्रदेशहरुमा क्रमशः नदी नियन्त्रण कार्यक्रम, कृषि अनुदानको उपयोग, सिचाई आयोजनामा उपभोक्ता समिति परिचालन, होमस्टे अनुदान वितरण र उपयोग, प्रदेश मन्त्रालयमा योजना तर्जुमा एवं कार्यन्वयन व्यवस्था, पोषण तथा खाद्य सुरक्षा कार्यक्रम, प्रदेशस्थित वनको काठ दाउरा व्यवस्थापन विषयमा कार्यमूलक लेखापरीक्षणका विषयहरु छनोट गरिएको बताउनुभयो। यसको अतिरिक्त कोभिड-१९ सम्बन्धी विशेष लेखापरीक्षण र दिगो विकास लक्ष्यको कार्यान्वयन सम्बन्धमा विशेष लेखापरीक्षण गरिने कार्यक्रम रहेको हुँदा सोको लागि आवश्यक विवरणहरु समयमा नै लेखापरीक्षकहरुलाई उपलब्ध गराउन सहभागीको ध्यानाकर्षण गराउनुभयो।

अन्तर्क्रिया कार्यक्रममा सम्बन्धित प्रदेशका प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिव, प्रदेश प्रमुख लेखा नियन्त्रक लगायतले हालको प्रदेशको कार्यसम्पादन अवस्था, विद्यमान समस्या र लेखापरीक्षणका विविध विषयमा आफ्ना भनाइ राख्नुभएको थियो। उहाँहरुले स्वास्थ्यको मापदण्ड पालना गरी समयमै लेखापरीक्षण सम्पन्न गर्न पूर्ण सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको थियो। कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षक, सम्बन्धित प्रदेश लेखापरीक्षण महानिर्देशनालयका नायव महालेखापरीक्षक र अन्य कर्मचारीको समेत सहभागिता रहेको थियो।

माननीय महालेखापरीक्षकज्यूको समुपस्थितिमा २०७७ मंसिरमा सम्पन्न विभिन्न प्रदेशको भर्चुअल लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रम देहायबमोजिम रहेका छन्:-

मिति	कार्यक्रम विवरण	सहभागी
२०७७ मंसिर १२	प्रदेश नं. १ को आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	प्रदेश प्रमुख सचिव श्री दिनेश भट्टराई, प्रदेश सभा सचिवलाय सचिव श्री गोपाल प्रसाद पराजुली, प्रदेश मन्त्रालयका सचिवहरु, प्रदेश कोष तथा लेखा नियन्त्रक र लेखा प्रमुखहरु।
२०७७ मंसिर १२	प्रदेश नं.२ को आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	प्रदेश प्रमुख सचिव श्री अर्जुन प्रसाद पोखरेल, प्रदेश मन्त्रालयका सचिवहरु, प्रदेश कोष तथा लेखा नियन्त्रक र लेखा प्रमुखहरु।
२०७७ मंसिर १४	लुम्बिनी प्रदेशको आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	प्रदेश प्रमुख सचिव श्री तोय नारायण ज्ञवाली, आन्तरिक मामिला तथा कानून मन्त्रलायका सचिव श्री रविलाल पन्थ, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री बाबुराम अधिकारी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव श्री रेवतीरमण पौडेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री राजेन्द्र के.सी, सामाजिक विकास मन्त्रालयका सचिव श्री महादेव पन्थ, प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री ध्रुव मजगैया, एवं लेखा प्रमुखहरु लगायतका पदाधिकारीहरु

२०७७ मंसिर १४	कर्णाली प्रदेशको आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	प्रदेश प्रमुख सचिव श्री चन्द्रमान श्रेष्ठ, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री घनश्याम उपाध्याय, प्रदेश सभा सचिवालय सचिव श्री जीवराज बुढाथोकी, प्रदेश कोष तथा लेखा नियन्त्रक एवं लेखा प्रमुखहरु ।
२०७७ मंसिर १५	बागमती प्रदेशको आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	प्रदेश प्रमुख सचिव डा. मान वहादुर वि.क, प्रदेश प्रमुखको कार्यालयका सचिव श्री मधुसुदन बुर्लाकोटी, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री डण्डुराज घिमिरे, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव श्री सञ्जीव बराल, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव श्री मतिना वैद्य, प्रदेश कोष तथा लेखा नियन्त्रक श्री राजेन्द्र पाण्डे एवं लेखा प्रमुखहरु ।
२०७७ मंसिर १५	गण्डकी प्रदेशको आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री चन्द्रकला पौडेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री महेश्वर दंगाल, आन्तरिक मामिला तथा कानून मन्त्रलायका सचिव श्री केदारनाथ शर्मा, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव श्री रामचन्द्र श्रेष्ठ, प्रदेश सभा सचिव श्री हरिराज पोखरेल, प्रदेश कोष तथा लेखा नियन्त्रक एवं लेखा प्रमुख ।
२०७७ मंसिर १६	सुदुरपश्चिम प्रदेशको आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया	प्रदेश प्रमुख सचिव श्री रामकृष्ण सुवेदी, सामाजिक विकास मन्त्रालयका सचिव श्री रघुराम विष्ट, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव श्री गणेश प्रसाद भट्ट, भूमि व्यवस्था, कृषि सहकारी मन्त्रालयका सचिव श्री कृष्ण भट्ट, प्रदेश सभा सचिवालयका सचिव श्री रामसिंह धामी लगायत एवं लेखा प्रमुखहरु ।

लेखा उत्तरदायी अधिकृतहरूसँग छलफल



छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

१४ मंसिर, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा लेखा उत्तरदायी अधिकृतसँग आ.व. २०७६/७७ को लेखापरीक्षण सम्बन्धी छलफल कार्यक्रम भर्चुअल माध्यमबाट विभिन्न मितिमा सम्पन्न भयो। कार्यक्रममा संवैधानिक निकाय, संघीय सरकारका विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृत मातहतका विभागीय प्रमुख लेखा प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण विधि, लेखापरीक्षण कार्यान्वयन र प्रतिवेदन सम्बन्धमा जानकारी दिनु भयो साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिहरुको जवाफदेहिता र उत्तरदायित्व सम्बन्धमा व्यवस्था गरेको र सोको परिपालना सम्बन्धमा समेत लेखापरीक्षणले समेट्ने बताउनुभयो । लेखापरीक्षण ऐन, २०७५ को दफा ९ ले कुनै पदाधिकारीले वित्तीय जवाफदेहिता बहन गरे, नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य

सिद्धान्त बमोजिम परीक्षण गर्न सक्ने व्यवस्था रहेको र विभागीय प्रमुखहरुको कार्य सम्पादन सम्झौताको कार्यान्वयन सम्बन्धमा समेत लेखापरीक्षण गरिने उल्लेख गर्नुभयो। उहाँले यस वर्ष गरिने कार्यमूलक लेखापरीक्षणको विषयहरुको बारेमा जानकारी गराउनुहुँदै स्वास्थ्य मापदण्डको पालना, लेखारीक्षण कार्यलाई सहजीकरणको लागि फोकल पर्सनको व्यवस्था र अलगै कक्षको व्यवस्थापन गरी लेखापरीक्षणमा सहजीकरणको लागि निर्देशन दिनुभयो।

माननीय महालेखापरीक्षकज्यूको समुपस्थितिमा सम्पन्न लेखा उत्तरदायी अधिकृतसँग छलफल तथा कार्यक्रमको विवरण:-

मिति	कार्यक्रम	सहभागी
२०७७ मंसिर ७	अर्थ तथा आर्थिक क्षेत्र लेखापरीक्षण विभाग अन्तर्गतका लेखापरीक्षण हुने निकायका लेखा उत्तरदायी अधिकारी लगायतसँगको छलफल	अर्थ सचिव श्री शिशिर कुमार ढुंगाना, महालेखा नियन्त्रक श्री मधु कुमार मरासिनी, भन्सार विभागका महानिर्देशक श्री सुमन दाहाल लगायतका पदाधिकारी एवं लेखा प्रमुखहरु।
२०७७ मंसिर ८	पूर्वाधार विकास लेखापरीक्षण विभाग अन्तर्गतका लेखापरीक्षण हुने निकायका लेखा उत्तरदायी अधिकारी लगायतसँगको छलफल	शहरी विकास मन्त्रालयका सचिव श्री रमेश प्रसाद सिंह, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव श्री यादव कोइराला, खानेपानी मन्त्रालयका सचिव श्री माधव बेल्वासे, सञ्चार तथा सूचना मन्त्रालयका सचिव श्री हरिप्रसाद बस्याल, विभागीय प्रमुख एवं लेखा प्रमुखहरु।
२०७७ मंसिर ९	सामाजिक सेवा लेखापरीक्षण विभाग अन्तर्गतका लेखापरीक्षण हुने निकायका लेखा उत्तरदायी अधिकारी लगायतसँगको छलफल	शिक्षा मन्त्रालयका सचिव श्री गोपीनाथ मैनाली युवा तथा खेलकुद मन्त्रालय सचिव श्री राम प्रसाद थपलिया, विभागीय प्रमुख एवं लेखा प्रमुखहरु।
२०७७ मंसिर ११	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव र अन्तर्गत विभागका प्रमुखसँगको छलफल	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री रविन्द्र नाथ श्रेष्ठ, सडक विभागका महानिर्देशक श्री केशवकुमार शर्मा, रेल्वे विभागका महानिर्देशक श्री प्रमिला देवी बज्राचार्य, यातायात व्यवस्था विभागका महानिर्देशक श्री गोगन बहादुर हमाल एवं लेखा प्रमुखहरु।
२०७७ मंसिर १५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको लेखापरीक्षण सम्बन्धी कार्यक्रम	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री महेन्द्र प्रसाद गुरागाई, परराष्ट्र मन्त्रालयका सचिव श्री भरतराज पौड्याल, वेपत्ता छानविन आयोगका सचिव श्री उदयराज सापकोटा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव राजीव पोखरेल, राहदानी विभागका श्री डोरनाथ अर्याल लगायत उल्लेखित मन्त्रालय मातहतका विभागीय प्रमुखहरु, आयोग, प्राधिकरण लगायतका प्रमुखहरु।
२०७७ मंसिर १५	गृह र रक्षा मन्त्रलाय र मातहतका निकायसँग लेखापरीक्षण अन्तर्क्रिया कार्यक्रम	रक्षा सचिव श्री रेश्मीराज पाण्डे, प्रधानसेनापति श्री पूर्णचन्द्र थापा, प्रहरी महानिरीक्षक श्री शैलेश थापा क्षेत्री, सशस्त्र प्रहरी महानिरीक्षक श्री शैलेन्द्र खनाल, कार्यालय प्रमुख एवं लेखा प्रमुखहरु।
२०७७ मंसिर १५	संवैधानिक निकाय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मातहतका निकायसँग लेखापरीक्षण अन्तर्क्रिया कार्यक्रम	अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री सुरेश अधिकारी, महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री बाबुराम गौतम, लोक सेवा आयोगका सचिव श्री आनन्दराज ढकाल, निर्वाचन आयोगका सचिव श्री देव कुमारी गौतम, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिव श्री वेगेन्द्रराज शर्मा, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे लगायत एवं लेखा प्रमुखहरु।

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री र माननीय महालेखापरीक्षक बीच छलफल

१७ मंसिर, २०७७

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरीराजमणि पोखरेलज्यू, माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू तथा मन्त्रालयका सचिवज्यूहरु, त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालयका उपकूलपतिहरु एवं रजिष्ट्रार, मन्त्रालय अन्तर्गतका अन्य आयोग, प्रतिष्ठान, शिक्षालयका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखहरुसँग आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण एवं बेरुजु सम्परीक्षण सम्बन्धमा भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा माननीय मन्त्रीज्यूले बक्यौता लेखापरीक्षण अविलम्ब गराउन, विश्वविद्यालयका पदाधिकारीलाई विगतमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै वेरुजु न्यूनीकरण गर्न र प्राज्ञिक क्षेत्रले नमूनायोग्य तवरले वित्तीय क्रियाकलाप सञ्चालन गर्न निर्देशन दिनुभयो। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले विभागीय मन्त्री एवं संवैधानिक निकायका प्रमुख समेतलाई जिम्मेवार बनाएको उल्लेख गर्दै वित्तीय परिपालनामा जवाफदेहिता अभिबृद्धि हुने गरी कार्य सम्पादन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । मूलुकको अग्रणी शैक्षिक संस्था भएर पनि विश्वविद्यालयले समयमा नै लेखापरीक्षण नगराउँदा आर्थिक प्रशासनमाथि सरोकारवालाले प्रश्न उठाउने हुँदा यथाशिघ्र बक्यौता लेखापरीक्षण गराउन निर्देशन दिनुहुँदै लेखापरीक्षणको लागि कार्यालयबाट आवश्यक सहजीकरण गरिने बताउनुभयो ।

कार्यक्रममा उपस्थित पदाधिकारीहरुले आफू सम्बद्ध निकायको बेरुजु सम्बन्धी विवरण उल्लेख गर्नुभएको थियो। साथै मन्त्रालयका सचिव श्री गोपीनाथ मैनालीले बेरुजु फछ्यौंट तथा बेरुजु न्यूनिकरण गर्ने कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उपमहालेखापरीक्षक श्री राममाया कुँवर, नायव महालेखापरीक्षक श्री पदमराज पौडेल तथा शिक्षा लेखापरीक्षण निर्देशनालयका निर्देशक तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो ।

कार्यमूलक लेखापरीक्षण सम्बन्धी तालिम कार्यक्रम सम्पन्न

२२ मंसिर, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा कार्यमूलक लेखापरीक्षण सम्बन्धी तालिम कार्यक्रम भर्चुअलरुपमा सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले कार्यमूलक लेखापरीक्षणले निकायहरुले मितव्ययिता, कार्यदक्षता र प्रभावकारितालाई विचार गरी श्रोतको उच्चतम प्रयोग गरे, नगरेको तथा सार्वजनिक क्षेत्रका पदाधिकारीले आफ्नो उत्तरदायित्व निर्वाह गरे नगरेको र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन विश्वसनीय र पर्याप्त भए नभएको विषयवस्तुलाई समेटी प्रतिवेदन पेश गर्नुपर्ने बताउनु भयो । उहाँले कार्यमूलक लेखापरीक्षणले सम्बन्धित निकाय, संसद र जनतालाई लेखापरीक्षण गरिने निकायले प्रयोग गरेको श्रोत र साधनको गतिविधि एवं संयन्त्रबाट कति उपलब्धि भयो भन्ने सु-सूचित गराउने बताउनुभयो ।

विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको प्राथमिकता कार्यमूलक लेखापरीक्षणमा रहेको र यस प्रकारका तालिम कार्यक्रमले कर्मचारीमा कार्यमूलक लेखापरीक्षणको लागि क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा कार्यालयका विभिन्न निर्देशनालयका ८० कर्मचारीले सहभागिता जनाउनुभएको थियो। तीन दिन सम्म सञ्चालित कार्यक्रममा देहाय बमोजिमका सत्र रहेका थिए :-

मिति	विषय	प्रस्तुतकर्ता
2077.08.22	A talk on the performance audits:its relevancy and how to deal effectively with the different types of challenges	Mr. Dev B. Bohara & Mr. Rambabu Nepal
2077.08.22	Strategic Planning and topic selection for the performance Audits	Mr. Maheshwar Kafle
2077.08.22	Audit Planning and managing audit risks	Mr. Ashok K. Karki
2077.08.23	Engaging CSOs effectively in the performance audits	Mr. Ramu Prasad Dotel
2077.08.23	Setting Audit Objectives Questions & Criteria	Mr. Kedar Man Joshi
2077.08.23	Obtaining sufficient and appropriate evidence considering PA methodology i.e.FGD, survey, & interviews	Mr. Kedarman Joshi
2077.08.24	Cause effect analysis and deriving audit conclusion	CA. Mr. Baikuntha B. Adhikari
2077.08.24	Fiduciary risk & data analysis	Mr. Kedar Man Joshi
2077.08.24	Reporting effectively on the performance audits	Mr. Ashok K. karki
2077.08.24	Audit practice in SAI Pakistan: an experience sharing	Mr. Hari Prasad Acharya Mr. Chhiring Topke Lama Mr. Kedar Pd. Khakurel

वर्ष ४ अङ्क १६ २०७७ पौष (Year 4 Issue 16 Jan 2021)

महालेखा नियन्त्रकद्वारा एकीकृत वित्तीय विवरण पेश



माननीय महालेखापरीक्षकज्यू समक्ष एकीकृत वित्तीय विवरण पेश गर्नुहुँदै महालेखानियन्त्रक श्री मधु कुमार मरासिनी

२८ पौष, २०७७

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसमक्ष महालेखा नियन्त्रक श्री मधु कुमार मरासिनीले आर्थिक वर्ष २०७६/७७ को केन्द्रीय लेखाको एकीकृत वार्षिक वित्तीय विवरण पेश गर्नुभयो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ मा महालेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजश्व, धरौटी तथा अन्य कोषहरु सहितको अन्य लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले कोभिड-१९ को विषम परिस्थितिमा समेत समयमै एकीकृत वित्तीय विवरण पेश गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो। उहाँले महालेखा नियन्त्रक कार्यालयले हालका दिनसम्म आइपुग्दा सूचना प्रविधिमा आधारित आर्थिक प्रशासन एवं लेखाप्रणालीमा गरेको विकासको सरहाना गर्दै यसलाई थप व्यवस्थित, परिमार्जित र परिस्कृत बनाउँदै लैजानुपर्ने बताउनुयो। महालेखा नियन्त्रक कार्यालयले समयमा नै वित्तीय विवरण बनाइरहेको भएतापनि मातहत इकाइमा अझै पनि समयमा वित्तीय विवरण नबनाउने समस्या यथावत रहेकोले तल देखि नै सुधार गर्दै लैजानुपर्ने उल्लेख गर्नुभयो। यसका लागी आर्थिक कारोबारमा आएको बढोत्तरी अनुसार जनशक्ति व्यवस्थापन, क्षमता विकास, अनुगमन र निगरानी एवं कार्यसम्पादनमा सुधार ल्याउनुपर्ने बताउनुभयो।

छलफलको क्रममा उहाँले आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने, सार्वजनिक संस्थानमा भएको कारोवारलाई केन्द्रीय विवरणमा समावेश गर्नुपर्ने, सार्वजनिक सम्पत्ति, र सरकारी खर्चबाट सिर्जित सम्पत्तिको लेखांकन गर्नुपर्ने तथा महालेखापरीक्षकले वार्षिक प्रतिवेदनमा औँल्याएका विषयलाई पुनरावृत्ति नहुने गरी कार्य गर्न समेत सम्बन्धित सबैको ध्यानाकर्षण गराउनुभयो।

अन्तर्राष्ट्रिय बजेट साझेदारी संस्थाद्वारा आयोजित वेविनारलाई माननीय महालेखापरीक्षकज्यूबाट सम्बोधन

२९ जुन, २०२०

अन्तर्राष्ट्रिय बजेट साझेदारी संस्था (International Budget Partnership-IBP) द्वारा आयोजित Audit Accountabilty Initiative Webinar 2020 लाई माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सम्बोधन गर्नुभएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले IBP संस्थाले लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि गर्न र पारदर्शिता प्रवर्द्धनमा विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुसँग गरिरहेको सहकार्यलाई प्रशंसा गर्नुहुँदै नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाले सन् २०१७ देखि नै सहकार्य गर्दै आएको स्मरण गर्नुभयो।

सो अवसरमा कोभिड-१९ ले नेपालमा हालसम्म परेको प्रभावको सम्बन्धमा सहभागीहरुलाई जानकारी दिनुहुँदै बदलिँदो परिस्थितिमा महालेखापरीक्षकको कार्यालयले गरेको सञ्चार रणनीति, नागरिक समाजसँगको आवद्धता सम्बन्धमा गरिरहेका कार्यको सम्बन्धमा जानकारी गराउनुभयो। उहाँले यस महामारीले दिएको शिक्षा भनेको "Greater Use of Technology" नै हो भन्ने धारणा व्यक्त गर्नुभयो। मानव जीवन र सभ्यताका लागि प्रविधिको बृहत उपयोग अपरिहार्य रहेको र बदलिँदो विश्वपरिवेशमा नवीन चुनौतीको सामना गर्न प्रविधिमा अभ्यस्त हुनैपर्ने पाठ सिकाएको उल्लेख गर्दै कार्यालयले सूचना प्रविधिमा आधारित दूरलेखापरीक्षण (Remote Auditing) लाई प्रयोग गर्न गैरहेको, सर्वोच्च लेखापरीक्षण संस्था र नागरिकबीच दोहोरो सञ्चार स्थापित गर्न मोबाइल एप निर्माणाधीन क्रममा रहेको बताउनुभयो। कार्यक्रममा विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख लगायतका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजनाको कार्य सञ्चालन स्थिति

नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बीच सन् २०१८ अगस्ट २४ मा भएको १ करोड ५० लाख अमेरिकी डलर अनुदान उपलब्ध गराउने गरी भएको सम्झौताअनुसार एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सुधार आयोजना (Integrated Public Financial Management Reform Project) आयोजना कार्यान्वयनमा रहेको छ। आयोजनाको कार्यान्वयन अवधि सन् २०२१ जुलाई ३० सम्म रहेको छ। आयोजनामा रहेका ४ भागमध्ये २ भाग महालेखापरीक्षकको कार्यालय सुदृढीकरणसँग सम्बन्धित रहेको छ। यस प्रयोजनका लागि ४० लाख अमेरिकी डलर बजेट स्वीकृत भएको छ। आयोजनामा नेपाल सरकारले १७ प्रतिशत र विश्व बैंकले ८३ प्रतिशत अंश व्यहोर्ने कार्यक्रम रहेको छ। आयोजना अन्तर्गत आर्थिक वर्ष २०७६/७७ सम्म रु ७ करोड २७ लाख ८९ हजार तथा २०७७/७८ को पौषसम्म थप रु. ५ करोड ८८ लाख ८९ हजार खर्च भएको छ।

आयोजना अन्तर्गत परामर्शदाता Earnst & Young LLP सँग १५ लाख ८३ हजार अमेरिकी डलरको सम्झौता २०१९ अगष्ट २ ९ मा भएको छ। उक्त सम्झौताको म्याद २१ महिना रहेको छ। परामर्शदातालाई २०७७ पौषसम्म सम्झौता रकमको ५० प्रतिशत भुक्तानी भइसकेको छ। परामर्शदाताले सम्पन्न गरी पेश गनुपर्ने ३३ प्रतिवेदनमध्ये हालसम्म निम्न कार्य सम्पन्न गरेको छ :-

क्र.सं.	कामको विवरण	सम्पन्न मिति
1	D4-Report on Updated Risk based annual planning procedure	2020 April
2.	Updated Code of Ethics	2020 February
3.	Updated Framework for Segregation of Financial Audit,Compliance Audit and Performance Audit	2020 February
4.	D8-Updated Financial Audit Manual	2020 May
5.	D9-Updated Compliance Audit Manual	2020 May
6.	D10-Updated Performance Audit Manual	2020 May
7.	D11 A-Financial Responsibility Assesment Directives	2020 October
8.	D 11B-Disaster Audit Guide	2020 October
9.	D 11C-Environment Audit Guide	2020 October
10.	D 11D-Project Financial Audit Guide	2020 October
11.	D11E-SOES Audit Guideline	2020 October
12.	D11F-SDG Audit Guide	2020 October
13.	D11G-Information System Audit Manual	2020 October
14.	D12A-Revenue Audit Guidelines	2020 October
15.	D12B-Public Procurement Audit	2020 October

क्र.सं.	कामको विवरण	सम्पन्न मिति
16.	D12C-Administrative Expenditure Audit Guide	2020 October
17.	D16-Draft Diagnostic Report on NAMS	2020 January
18.	D17-Draft Financial Requirement Specifications of NAMS	2020 March
19.	D18-Completion Report on Updated or Developed NAMS	2020 September
20.	D19-Draft IT Policy	2020 May
21.	D20-Report on Establishing IT Excellence Centre at OAGN	2020 August
22.	D27-Updated CPA Guidelines	2020 March
23.	D32-Database on Mapped CSOS and Think tank at Sub National Level	2020 April

परामर्शदाताले सम्पादन गर्नुपर्ने केही कार्य तथा कार्यालयबाट सम्पादन हुने केही कार्यक्रम कोभिड-१९ महामारीका कारण सम्पन्न गर्न ढिलाई भएको छ। परामर्शदाताले पेश गरेका केही प्रतिवेदनमा कार्यालयका तर्फबाट सुझाव दिन बाँकी रहेको छ। कार्यालयले कार्यान्वयनमा ल्याउन लागेको Nepal Audit Management System (NAMS) मा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र निजामती किताबखानाका तथ्याङ्क आबद्ध गर्न पत्राचार गरिएको छ।

सार्वजनिक नीति विषयमा जापानबाट स्नातकोत्तर उपाधि



लेखापरीक्षण अधिकारी श्री जितेन्द्र श्रेष्ठ छनौट हुनु भएको थियो।

कोभिड- १९ विश्वव्यापी महामारीलाई मध्यनजर गरी संक्षिप्त रुपमा सन् २०२० सेप्टेम्बर १८ मा दीक्षान्त समारोह सम्पन्न गरिएको थियो।

Joint Japan/World Bank Graduate Scholarship Program (JJ/WBGSP) अन्तर्गत विश्वव्यापी प्रतिस्पर्धाको आधारमा प्रदान गरिने छात्रवृति कार्यक्रममा छनोट भई जापानको टोकियो विश्वविद्यालयबाट कार्यालयका लेखापरीक्षण अधिकारी श्री जितेन्द्र श्रेष्ठले Masters in Public Policy/International Program (MPPIP) उपाधि हासिल गर्नुभएको छ।

विश्वविद्यालयमा अध्ययनको लागि विश्व बैंकले प्रत्येक वर्ष विकासशील देशका नागरिकलाई आर्थिक सहयोग गर्दै आएकोमा सन् २०१८ को लागी नेपालबाट २ जना मध्ये यस कार्यालयबाट

व्यावसायिक विवेक



रमेश ढकाल, निर्देशक

कार्यको योजना बन्छ, विश्वास र प्रमाणले।
परिणामको रिपोर्ट दिन्छ, संशयको अभ्यासले॥
जिज्ञासु मस्तिष्कभित्र, इमान्दारी प्रयासले।
सधैँ राम्रो नतिजा दिन्छ, व्यावसायिक विवेकले॥

पूर्ण विश्वास लिनुहुन्न, सङ्कलित प्रमाणमा।
खोजी सधैँ गर्नुपर्छ, सोच्नु हुन्न बेइमानमा॥
प्रश्न रहित इमान्दारी, उद्देश्य र जिज्ञासामा।
प्रकृतिलाई ध्यान दिई, बढ्नुपर्छ प्रयोगमा॥

सार बुझी विधिभित्र, छनोट गर्ने दिमाग हो।
क्षमता र अनुभवलाई, मार्ग दिने विवेक हो॥
प्राप्ति र पूर्णताभित्र लिने, एउटै नतिजा हो।
व्यावसायिक फूलबारीमा, सन्तुष्टि नै विवेक हो॥

वर्ष ४ अङ्क १६ २०७७ पौष (Year 4 Issue 16 Jan 2021)

२०७७ श्रावण देखि पौषसम्म सम्पन्न बैठकका विवरण

क्र.स.	मिति	बैठकका विवरण
१.	२०७७/०५/०७	कोभिड -१९ कार्यसमिति बैठक
२.	२०७७/०५/०८	कोभिड -१९ सचिवालय बैठक
३.	२०७७/०५/०९	कार्यालयको नियमित बैठक
४.	२०७७/०५/१०	कोभिड -१९ को लेखापरीक्षण योजना र कार्यमूलक लेखापरीक्षण विषय छनौट
५.	२०७७/०५/११	गुणस्तर आश्वस्तता तथा गुणस्तर नियन्त्रण र वार्षिक लेखापरीक्षण योजना, २०७७
६.	२०७७/०५/१४	मन्त्रालयस्तरीय लेखापरीक्षण योजना
७.	२०७७/०५/१६	कोभिड -१९ विशेष लेखापरीक्षण सम्बन्धमा स्वास्थ्य मन्त्रालयका पदाधिकारीसँग र Cert PFM Training
८.	२०७७/०५/१७	कार्यमूलक लेखापरीक्षणका विषय छनौट
९.	२०७७/०५/२१	वार्षिक लेखापरीक्षण योजना, २०७७ मा छलफल
१०.	२०७७/०५/२२	कार्यसञ्चालन समिति कोभिड-१९ विशेष लेखापरीक्षण
११.	२०७७/०५/२३	कोभिड -१९ सचिवालय बैठक
१२.	२०७७/०५/२६	कार्यालयको नियमित बैठक
१३.	२०७७/०५/२९	वार्षिक लेखापरीक्षण योजना, २०७७ सम्बन्धमा कर्मचारी अभिमुखीकरण
१४.	२०७७/०५/३०	वार्षिक लेखापरीक्षण योजना, २०७७ र प्रदेश लेखापरीक्षण योजना, २०७७ सम्बन्धमा कर्मचारी अभिमुखीकरण
१५.	२०७७/०६/०६	सार्वजनिक संस्थानको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकको अभिमुखीकरण
१६.	२०७७/०६/०७	सार्वजनिक संस्थान प्रमुख र लेखाप्रमुखसँग लेखापरीक्षण सम्बन्धी
१७.	२०७७/०६/०८	कार्यालयको नियमित बैठक
१८.	२०७७/०६/०९	थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थासँग समकक्षी पुनरावलोकन
१९.	२०७७/०६/१२	कार्यालयका व्यवस्थापन महानिर्देशनालयका कर्मचारीसंग छलफल
२०.	२०७७/०६/१३	सार्वजनिक खरिद र विद्यमान समस्या सम्बन्धी छलफल र कार्यालयको नियममित बैठक
२१.	२०७७/०६/२१-२३	संस्थागत सुदृढीकरण आयोजना अन्तर्गत नियुक्त परामर्शदाताले पेश गरेको लेखापरीक्षण मार्गदर्शन मस्यौदा उपर छलफल
२२.	२०७७/०६/२८-३०	महालेखानियन्त्रक कार्यालयद्धारा संचालित SuTRA,TSA,CGAS,RIMS / FIMS सफ्टवेयर सञ्चालन, प्रतिवेदन, विश्लेषण र लेखापरीक्षणमा प्रयोग सम्बन्धी छलफल
२३.	२०७७/०७/१६	कार्यालयको नियमित बैठक
२४.	२०७७/०७/२१	कोभिड १९ विशेष लेखापरीक्षण समितिसँग प्रगति लगायतका विषयमा छलफल
२५.	२०७७/०७/२३	टोली प्रमुख लेखापरीक्षण अधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम र कार्यमुलक लेखापरीक्षण महानिर्देशनालयका कर्मचारीसँग छलफल
२६.	२०७७/०७/२६	संस्थागत सुदृढीकरण आयोजना अन्तर्गत सफ्टवेयर स्वीकार्यता परीक्षण सम्बन्धी छलफल
२७.	२०७७/०७/२७	कार्यालयको नियमित बैठक
२८.	२०७७/०८/०७	अर्थ तथा आर्थिक क्षेत्र लेखापरीक्षण विभाग अन्तर्गतका लेखापरीक्षण हुने निकायका लेखा उत्तरदायी अधिकारी लगायतसँगको छलफल
२९.	२०७७/०८/०८	पूर्वाधार विकास लेखापरीक्षण विभाग अन्तर्गतका लेखापरीक्षण हुने निकायका लेखा उत्तरदायी अधिकारी लगायतसँगको छलफल
३०.	२०७७/०८/०९	सामाजिक सेवा लेखापरीक्षण विभाग अन्तर्गतका लेखापरीक्षण हुने निकायका लेखा उत्तरदायी अधिकारी लगायतसँगको छलफल
३१.	२०७७/०८/१०	नियमनकारी निकायका पदाधिकारीसँगको छलफल
३२.	२०७७/०८/११	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव र अन्तर्गत विभागका विभागीय प्रमुखसँग र कार्यालयका प्रदेश लेखापरीक्षण महानिर्देशनालयका नायव महालेखापरीक्षकसँग छलफल
३३.	२०७७/०८/१२	प्रदेश न १ र २ का प्रदेश प्रमुख सचिव, मन्त्रालयका सचिव, संसद सचिवालयका सचिव, प्रदेश लेखा नियन्त्रक र लेखाप्रमुखसँग लेखापरीक्षण कार्यन्वयन सम्बन्धमा छलफल
३४.	२०७७/०८/१४	लुम्बिनी र कर्णाली प्रदेशका प्रमुख सचिव, मन्त्रालयका सचिव, संसद सचिवालयका सचिव, प्रदेश लेखा नियन्त्रक र लेखा प्रमुखसँग लेखापरीक्षण कार्यन्वयन सम्बन्धमा छलफल
३५.	२०७७/०८/१५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,गृह मन्त्रालय, रक्षा मन्त्रालय, संवैधानिक निकाय एवं आयोगका लेखा उत्तरदायी अधिकृत, बागमती प्रदेश र गण्डकी प्रदेशका प्रमुखसचिव, मन्त्रालयका सचिव, संसद सचिवालयका सचिव, प्रदेश लेखा नियन्त्रक र लेखा प्रमुखसँग लेखापरीक्षण कार्यन्वयन सम्बन्धमा छलफल

क्र.स.	मिति	बैठकका विवरण
३६.	२०७७/०८/१६	सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव, मन्त्रालयका सचिव, संसद सचिवालयका सचिव, प्रदेश लेखा नियन्त्रक र लेखा प्रमुखसँग लेखा परीक्षण कार्यन्वयन सम्बन्धमा छलफल
३७.	२०७७/०८/१७	माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिक्षा मन्त्रालय र मातहतका विभाग, समिति र विभिन्न विश्वविद्यालयका लेखा उत्तरदायी अधिकृत,पदाधिकारी एवं लेखा प्रमुखहरुसँग लेखापरीक्षण सम्बन्धमा छलफल र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थासँग लेखापरीक्षण एवं नियमन सम्बन्धमा छलफल
३८.	२०७७/०८/१८	प्रदेशगतरुपमा लेखापरीक्षणमा खटिने टोली प्रमुखहरुलाई निर्देशन कार्यक्रम
३९.	२०७७/०८/२२-२४	कार्यमुलक लेखापरीक्षण सम्बन्धी तालिम
४०.	२०७७/०९/०१	कार्यालयको नियमित बैठक
४१.	२०७७/०९/१३	कार्यालयको नियमित बैठक

२०७७ श्रावणदेखि पौषसम्म अवकाश प्राप्त कर्मचारीको विवरण

क्र.स.	पद	नाम, थर	शुरु नियुक्ति मिति	अवकाश मिति	कैफियत
१.	निर्देशक	श्री विश्वराम त्वाती	२०५४/०६/१४	२०७७/०४/०१	राजीनामा
२.	निर्देशक	श्री सुन्दरनारायण चौधरी	२०४४/०८/०१	२०७७/०४/१५	अनिवार्य अवकाश
३.	निर्देशक	श्री कृष्ण प्रसाद पौडेल	२०४४/०८/०४	२०७७/०५/१७	अनिवार्य अवकाश
४.	निर्देशक	श्री सुरेश शर्मा	२०४१/०९/०२	२०७७/०६/१५	अनिवार्य अवकाश
५.	निर्देशक	श्री जगन्नाथ न्यौपाने	२०४०/१२/२६	२०७७/०८/२२	राजीनामा
६.	निर्देशक	श्री बल बहादुर कार्की	२०४५/०३/०५	२०७७/०९/०१	राजीनामा
७.	निर्देशक	श्री तारा प्रसाद घिमिरे	२०५१/१२/०७	२०७७/०९/१२	अनिवार्य अवकाश
८.	लेखापरीक्षण अधिकारी	श्री शिव कुमार तामाङ्ग	२०४९/०३/१०	२०७७/०९/१५	अनिवार्य अवकाश
९.	हलुका सवारी चालक	श्री नारायणदत्त पन्थ	२०४४/०६/२८	२०७७/०९/०१	राजीनामा
१०.	हलुका सवारी चालक	श्री कृष्ण बहादुर तामाङ्ग	२०४२/११/२३	२०७७/०९/०१	राजीनामा
११.	हलुका सवारी चालक	श्री श्यामकाजी महर्जन	२०४५/०३/०१	२०७७/०९/०५	राजीनामा

२०७७ श्रावणदेखि पौषसम्म बढुवा भएका कर्मचारीको विवरण

क्र.स.	साविकको पद	हालको पद	कर्मचारीको नाम, थर	बढुवा मिति
१.	लेखापरीक्षण निरीक्षक	लेखापरीक्षण अधीक्षक	श्री कान्छा तामाङ्ग	२०७७/०४/०३
२.	लेखापरीक्षण निरीक्षक	लेखापरीक्षण अधीक्षक	श्री एलिशा थापा	२०७७/०४/०३
३.	लेखापरीक्षण निरीक्षक	लेखापरीक्षण अधीक्षक	श्री डिल बहादुर तामाङ्ग	२०७७/०४/०३

२०७७ श्रावणदेखि पौषसम्म सरूवा भई आएका कर्मचारीको विवरण

क्र.स.	कर्मचारीको पद	कर्मचारीको नाम, थर	रमाना मिति
१.	कम्प्युटर अपरेटर	श्री अर्जुन कुमार राउत	२०७७/०५/०२
२.	सहायक कम्प्युटर अपरेटर	श्री पुष्करराज उपाध्याय	२०७७/०६/१४
३.	सहायक कम्प्युटर अपरेटर	श्री बमु गिरी	२०७७/०७/१८
४.	सहायक कम्प्युटर अपरेटर	श्री शेर बहादुर बयक	२०७७/०९/०९

२०७७ श्रावणदेखि पौषसम्म राष्ट्रिय तालिम तथा कार्यक्रममा मनोनयन

क्र.सं.	पद	कर्मचारीको नाम, थर	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
१.	लेखापरीक्षण अधिकारी	श्री उमेश सुवेदी	Professional Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०५/०१ देखि ३० कार्यदिन	अनलाइन
२.	निर्देशक लेखापरीक्षण अधिकारी लेखापरीक्षण अधीक्षक	श्री शालिकराम घिमिरे श्री प्रमोद कुमार मण्डल समेत ८ जना श्री शम्भुकुमार सिंह	Certificate in Public Financial Management (CertPFM)	Professional Certification Training	एशियाली विकास बैक	२०७७ भाद्र देखि	अनलाइन
३.	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल	Professional Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०५/१५ देखि ३० कार्यदिन	अनलाइन
४.	विभिन्न	कार्यालयका १०० जना कर्मचारी	सार्वजनिक खरिद व्यवस्थापन	तालिम	नीति योजना तथा जनशक्ति विकास महानिर्देशनालय	२०७७/०६/१३	अनलाइन
५.	विभिन्न	कार्यालयका १०० जना कर्मचारी	युनिकोड तालिम	तालिम	नीति योजना तथा जनशक्ति विकास महानिर्देशनालय	२०७७/०६/१३	अनलाइन
६.	लेखापरीक्षण अधिकारी	श्री मोहन प्रसाद भट्टराई समेत ३० जना	Professional Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०६/१४ देखि ३० कार्यदिन	अनलाइन
७.	विभिन्न	कार्यालयका २०० जना कर्मचारी	वित्तीय,कार्यमूलक र परिपालना लेखापरीक्षण मार्गदर्शन तालिम	तालिम	नीतियोजना तथा जनशक्ति विकास महानिर्देशनालय	२०७७/०६/२१ देखि २३	अनलाइन
८.	निर्देशक निर्देशक लेखापरीक्षण अधिकारी	श्री पदम प्रसाद आचार्य श्री रमेश नेपाल श्री नृपराज जोशी	Financial Management training	तालिम	Asian Development Bank	२०७७/०६/२२ देखि ३० सम्म	अनलाइन
९.	विभिन्न	कार्यालयका २०० भन्दा बढी कर्मचारी	SuTRA, CGAS, RIMS, FMIS	तालिम	नीति योजना तथा जनशक्ति विकास महानिर्देशनालय	२०७७/०६/२८ देखि २०७७/०६/३०	अनलाइन
१०.	निर्देशक निर्देशक निर्देशक लेखापरीक्षण अधिकारी	श्री सत्यनारायण थापा श्री नीरप्रसाद सुवेदी श्री लोकनाथ घिमिरे श्री मन्जु पन्थी	ACCA	अध्ययन	PEFA Secretariat	२०७७/०७/२२ को निर्णय अनुसार	
११.	नायव महालेखापरीक्षक	श्री त्रिलोचन आर्चाय	39th Senior Executive Development Program	SEDP तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०७/२४ देखि	अनलाइन
१२.	निर्देशक निर्देशक	श्री नारायण प्रसाद पराजुली श्री रमेश बाबु के.सी.	Project Financial Statements	तालिम	Asian Development Bank	२०७७/०८/०३ देखि २०७७/०८/०८ सम्म	अनलाइन
१३.	निर्देशक	श्री थवराज अधिकारी	Advanced Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०८/०८ देखि ३० कार्यदिन	अनलाइन
१४.	लेखापरीक्षण अधिकारी	श्री नृपराज जोशी	Professional Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०८/१५ देखि ३० कार्यदिन	अनलाइन
१५.	लेखापरीक्षण अधीक्षक	श्री विजया खतिवडा समेत ५ जना	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७/०८/१७ देखि ३० कार्यदिन	अनलाइन

क्र.सं.	पद	कर्मचारीको नाम, थर	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
१६.	लेखापरीक्षण अधिकारी	श्री शालिकराम पोखरेल समेत ५ जना	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७/०८/२२ देखि ३० कार्यदिन	अनलाइन
१७.	विभिन्न	कार्यमूलक लेखापरीक्षणमा संलग्न कर्मचारी	कार्यमूलक लेखापरीक्षण	तालिम	नीति योजना तथा जनशक्ति विकास महानिर्देशनालय	२०७७/०८/२२ देखि ३ दिन	अनलाइन
१८.	निर्देशक	श्री शंकरप्रसाद पन्थी	Advanced Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०८/२२ देखि ३० कार्यदिन	अनलाइन
१९.	निर्देशक (सूचनाप्रविधि)	श्री रमेशराज सुवेदी	Advanced Course on Management and Development	सेवाकालीन तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७७/०९/१५ देखि ३० कार्यदिन	अनलाइन
२०.	निर्देशक	श्री जयराम घिमिरे समेत ४ जना	Project Skill Training	तालिम	पेफा सचिवालय	२०७७/०९/२६ देखि ४ दिन	अनलाइन
२१.	लेखापरीक्षण निरिक्षक	श्री राजीव कुमार यादव	सहायकस्तरीय	सेवाकालीन तालिम	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	२०७७/०९/२७ देखि ३० कार्यदिन	अनलाइन
२२.	लेखापरीक्षण अधीक्षक लेखापरीक्षण निरिक्षक	श्री विष्णु प्रसाद उपाध्याय समेत ३ जना श्री सुमन काफ्ले समेत २ जना	आर्थिक प्रशासन	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७/०९/२७ देखि ३० कार्यदिन	अनलाइन
२३.	निर्देशक	श्री परशुराम न्यौपाने समेत ५ जना	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी	सेवाकालीन	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७७/१०/०५ देखि ३० कार्यदिन	अनलाइन

२०७७ श्रावणदेखि पौषसम्म अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा मनोनयन

क्र.सं.	पद	कर्मचारीको नाम, थर	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
१.	निर्देशक	श्री सत्यनारायण थापा श्री लोकनाथ घिमिरे	International webinar on climate change and its implications for SDGs	Training	INTOSAI WGEA ICED	२३-२४ सेप्टेम्बर, २०२०	अनलाइन
२.	निर्देशक	श्री श्याम प्रसाद भण्डारी श्री शालिकराम घिमिरे	"Introduction To Environment Auditing"	Training	INTOSAI WEGA ICED	२३ नोभेम्बर र १ डिसेम्बर २०२०	अनलाइन
३.	नायव महालेखापरीक्षक	श्री पदमराज पौडेल	ASOSAI Seminar on SAI's Responses to COVID-19	Seminar	ASOSAI_ CDA	२०२० डिसेम्बर ३ र ४	अनलाइन
४.	नायव महालेखापरीक्षक	श्री घनश्याम पराजुली	ASOSAI Seminar on Audit of Implementation of SDGs	Seminar	ASOSAI_ CDA	२०२० डिसेम्बर १ र २	अनलाइन
५.	विभिन्न	कार्यमूलक तथा विशेष लेखापरीक्षण तथा नीति योजना तथा जनशक्ति विकास महानिर्देशनालय अन्तर्गतका सबै कर्मचारी	Online Training on "Solid Waste Audit"	Training	ASOSAI WGEA Secretariat	२०२० डिसेम्बर	अनलाइन
६.	विभिन्न	कोभिड कार्यसमिति र सचिवालयका पदाधिकारीहरु	SAI Roles in Responding to crisis and Disaster	Training	SAI Korea	२०२१ जनुवरी २६-२८	मनोनयन
७.	नायव महालेखापरीक्षक	श्री बैकुण्ठ बहादुर अधिकारी श्री नारायण एमसी	International Integrity Seminar	Seminar	SAI Hungary	२०२१ फेब्रुअरी	मनोनयन

क्र.सं.	पद	कर्मचारीको नाम, थर	कार्यक्रमको नाम	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
८.	लेखापरीक्षण अधिकारी	श्री सन्तोष सापकोटा	ASOSAI Capacity Development Program	Resource Person	ASOSAI CDA	२०२१ फेब्रुअरी	मनोनयन
९.	लेखापरीक्षण अधिकारी	श्री रमेश उपाध्याय श्री जानकी भण्डारी (वैकल्पिक)	Master's Degree program in Public Management and Public Sector Reform	Study	Seol University, South Korea	२०२२ जुन	मनोनयन

२०७७ श्रावणदेखि पौषसम्म गठन भएका समितिको विवरण

क्र.सं.	विषय
१.	कोभिड-१९ विशेष लेखापरीक्षण कार्यसमिति
२.	कोभिड-१९ विशेष लेखापरीक्षण कार्यसमिति सचिवालय
३.	पेफा कार्यान्वयन इकाई
४.	SAI PMF समन्वय समिति
५.	NAMS Software को User Acceptance Test को लागि गठित समिति
६.	महालेखापरीक्षकको कार्ययोजना (२०७४-८०) मूल्याङ्कन समिति
७.	वित्तीय लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
८.	कार्यमूलक लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
९.	परिपालना लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१०.	प्रशासनिक खर्च लेखापरीक्षण मार्गदर्शन सुझाव समिति

क्र.सं.	विषय
११.	प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१२.	वित्तीय विवरण लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१३.	वित्तीय उत्तरदायित्व लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१४.	सूचना प्रविधि लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१५.	सार्वजनिक खरिद लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१६.	राजश्व लेखापरीक्षण मार्गदर्शन सुझाव समिति
१७.	Project Financial Statement Audit Guide सुझाव समिति
१८.	SDG's Audit Guide सुझाव समिति
१९.	SoE Audit Guide सुझाव समिति
२०.	लेखापरीक्षण आन्तरिक नियन्त्रण समिति
२१.	बजेट तथा कार्यक्रम अनुगमन समिति
२२.	अर्थ मन्त्रालय तथा महालेखानियन्त्रक कार्यालयको सूचना NAMS मा आवद्ध गर्ने समन्वय समिति

२०७७ श्रावणदेखि पौषसम्म प्रदान गरिएका राय

वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा २०७७।०९।०९ मा ICAN र ICAEW बीच हुने Mutual Recognition सम्बन्धी सम्झौताका सम्बन्धमा अर्थ मन्त्रालयबाट माग भए बमोजिम २०७७।०९।१६ मा राय प्रदान गरिएको छ।

कार्यालयको प्रतिनिधित्व

महालेखा नियन्त्रक कार्यालयबाट माग भई आए बमोजिम म.ले.प.फारम अद्यावधिक गर्ने कार्यदलमा २०७७।६।२७ मा कार्यालयका निर्देशक श्री नारायण प्रसाद पराजुली र पेफा सचिवालयको Conduct Training Needs Assessment And Develop Action Plan For Establishing Sustainable Institutional Set-ups for PFM Capacity Building in The Federal Structure कार्यदलमा २०७७।०८।१० मा निर्देशक श्री सत्यनारायण थापाले प्रतिनिधित्व गर्नुभएको छ।

हार्दिक श्रद्धाञ्जली

आयो ठप्प ठिपी लाग्यो मिति पुग्यो ठारेर ठर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्म
वि.सं. १९९७/०४/२१

स्वर्गारोहण
वि.सं. २०७७/०७/२३

स्व. मित्रकला गौतम

यस कार्यालयका उपमहालेखापरीक्षक श्री बाबुराम गौतमज्यूकी ममतामयी आमा मित्रकला गौतमको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत् आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एंव भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली

आयो ठप्प ठिपी लाग्यो मिति पुग्यो ठारेर ठर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्म
वि.सं. २०१८/०४/०७

स्वर्गारोहण
वि.सं. २०७७/०९/०२

स्व. तोयनाथ अर्याल

यस कार्यालयका पूर्व निर्देशक तोयनाथ अर्यालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत् आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एंव भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली

आयो ठप्प ठिपी लाग्यो मिति पुग्यो ठारेर ठर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्म
वि.सं. १९९१/०३/१५

स्वर्गारोहण
वि.सं. २०७७/०९/०२

स्व. फडिन्द्रनाथ पोखरेल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री रुद्रहरि पोखरेलज्यूका पूजनीय पिता फडिन्द्रनाथ पोखरेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत् आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एंव भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली

आयो ठप्प ठिपी लाग्यो मिति पुग्यो ठारेर ठर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्म
वि.सं. १९८०/०५/३१

स्वर्गारोहण
वि.सं. २०७७/०७/०६

स्व. नर प्रसाद पौडेल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री घनश्याम पौडेलज्यूका पूजनीय पिता नर प्रसाद पौडेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत् आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एंव भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली

आयो ठप्प ठिपी लाग्यो मिति पुग्यो ठारेर ठर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्म
वि.सं. २००३/०२/०१

स्वर्गारोहण
वि.सं. २०७७/०२/०८

स्व. नीर बहादुर खत्री

यस कार्यालयका लेखापरीक्षण अधीक्षक श्री कृष्ण बहादुर खत्रीज्यूका पूजनीय पिता नीर बहादुर खत्रीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत् आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एंव भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली

आयो ठप्प ठिपी लाग्यो मिति पुग्यो ठारेर ठर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्म
वि.सं. २००१/०७/०९

स्वर्गारोहण
वि.सं. २०७७/०४/२२

स्व. धर्मदत्त दुवाडी

यस कार्यालयका सहायक श्री गोकर्ण दुवाडीज्यूका पूजनीय पिता धर्मदत्त दुवाडीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत् आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एंव भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनले तोके बमोजिमका निकायहरुको लेखापरीक्षण गर्न संघ, प्रदेश र स्थानीय तह अन्तर्गत लेखापरीक्षण कार्य सञ्चालन भइरहेको छ। यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/परीक्षण गर्न सकिने हुँदा उल्लेखित विषयमा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराईदिनु हुन हार्दिक अनुरोध गरिन्छ। साथै, यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

पत्राचार/सम्पर्क ठेगाना:

महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौं।
पोष्ट बक्स नं. १४४२८
फोन नं. ०१-४२६२९५८,४२१२५४४, ४२६२७९८, ४२६२३८२
फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेलः oagnep@ntc.net.np, info@oag.gov.np वेवसाइटः www.oagnep.gov.np